प्रशासकीय अदालतलाई सबल, सक्षम र सुदृढ बनाउन र यसको काम कारवाहीको प्रभावकारितामा अभिवृद्धि गर्न प्रशासकीय अदालतको देहाय बमोजिमको कानून बन्नु आवश्यक छ :

# प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

***प्रस्तावना:*** *प्रशासकीय अदालतको गठन, अधिकार र कार्यविधिका सम्बन्धमा समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको अन्तरिम संविधान,२०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।*

*१.* ***संक्षिप्त नाम र प्रारम्भ:*** *(१) यस ऐनको नाम "प्रशासकीय अदालत ऐन,२०६६" रहेको छ ।*

*(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।*

*२.* ***परिभाषा:*** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

*(क) "अदालत" भन्नाले दफा ३ बमोजिम गठन भएको प्रशासकीय अदालत सम्झनु पर्छ ।*

*(ख) "अध्यक्ष" भन्नाले अदालतको अध्यक्ष सम्झनु पर्छ ।*

*(ग) "सदस्य" भन्नाले अदालतको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।*

*(घ) "सार्वजनिक संस्था" भन्नाले देहायको संस्था सम्झनु पर्छ :-*

*(१) पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् वा नेपाल सरकारबाट नियमित रूपमा अनुदान प्राप्त विदालय र यस्तै प्रकृतिका अन्य सँगठित संस्था,*

*(२) स्थानीय स्वायत्त शासन ऐन,२०५५ बमोजिम गठित स्थानीय निकाय,*

*(३) प्रचलित कानून बमोजिम गठन भएको नियमनकारी निकाय,*

*(४) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था ।*

*(ङ) "कर्मचारी" भन्नाले निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, नेपाल व्यवस्थापिका संसद सेवा वा सार्वजनिक संस्थाको सेवामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।*

*(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।*

*३.* ***अदालतको गठन:*** *(१) कर्मचारीलाई दिने विभागीय सजाय उपर पुनरावेदन सुन्ने काम समेतको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक संख्यामा प्रशासकीय अदालत गठन गर्नेछ ।*

*(२) उपदफा (१) बमोजिम गठन भएको अदालतको मुकाम तथा प्रादेशिक क्षेत्राधिकार सोही सूचनामा तोकिए बमोजिम हुनेछ ।*

*(३) उपदफा (१) बमोजिम एउटा मात्र अदालत गठन भएकोमा त्यस्तो अदालतको मुकाम काठमाडौं उपत्यकामा रहनेछ र सो अदालतले आवश्यकतानुसार नेपालभित्र अन्य ठाउँमा पनि इजलास कायम गर्न सक्नेछ ।*

*४.* ***अध्यक्ष तथा सदस्यको नियुक्ति:*** *(१) अध्यक्ष तथा सदस्यको नियुक्ति देहाय बमोजिम हुनेछः-*

*(क) पुनरावेदन अदालतको न्यायाधीश भइरहेको, भइसकेको वा हुन सक्ने योग्यता पुगेको व्यक्तिहरू मध्येबाट नेपाल सरकारले तोकेको वा नियुक्त गरेको व्यक्ति -अध्यक्ष*

*(ख) नेपाल न्याय सेवाको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको पदमा पाँच वर्षको सेवा अवधि पूरा गरी अवकाश प्राप्त वा कानूनमा स्नातकोपाधि प्राप्त गरी कानून वा न्यायको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त व्यक्तिहरूमध्ये नेपाल सरकारले नियुक्त गरेको एकजना -सदस्य*

*(ग) निजामती सेवाको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको पदमा पाँच वर्षको सेवा अवधि पूरा गरी अवकाश प्राप्त वा कुनै विषयमा स्नातकोपाधि प्राप्त गरी सार्वजनिक प्रशासनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त व्यक्तिहरूमध्ये नेपाल सरकारले नियुक्त गरेको एकजना -सदस्य*

*(२) उपदफा (१) बमोजिम अध्यक्ष तथा सदस्यको पदमा कुनै व्यक्तिलाई नियुक्त गर्दा वा तोक्दा नेपाल सरकारले न्याय परिषद्को परामर्शमा गर्नेछ ।*

*५.* ***अध्यक्ष तथा सदस्यको पदावधि:*** *दफा ४ बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पदावधि बढीमा पाँच वर्षको हुनेछ ।*

*६.* ***पदमा नरहने अवस्था:*** *(१) देहायका अवस्थामा अध्यक्ष तथा सदस्य आफ्नो पदमा बहाल रहने छैनः-*

*(क) दफा ५ बमोजिम निजको पदावधि समाप्त भएमा,*

*(ख) निजले आफ्नो पदबाट दिएको राजीनामा नेपाल सरकारबाट स्वीकृत भएमा,*

*(ग) खराब आचरण वा कार्य क्षमताको अभावको आधारमा नेपाल सरकारले निजलाई हटाएमा,*

*(घ) निजको उमेर त्रिसट्ठी वर्ष पूरा भएमा,*

*(ङ) निजको मृत्यु भएमा ।*

*(२) उपदफा (१) को खण्ड (ग) बमोजिम अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि नेपाल सरकारले निजलाई आफ्नो सफाई पेश गर्न मनासिव मौका दिनु पर्नेछ ।*

(३) अध्यक्षको पदमा तोकिएको पुनरावेदन अदालतको न्यायाधीश उपर खराब आचरणको आरोप लागेमा निज उपर निजको सेवा, शर्त सम्बन्धी कानून बमोजिम कारबाही हुनेछ ।

७. **पारिश्रमिक, सेवाका शर्त र सुविधाः** अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सुविधा र सेवाका शर्त क्रमशः पुनरावेदन अदालतको मुख्य न्यायाधीश र न्यायाधीश सरहको हुनेछ ।

८. **अदालतको अधिकारक्षेत्रः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतलाई देहायका मुद्दा वा विषयमा भएको निर्णय वा आदेश उपर पुनरावेदन सुन्ने अधिकार हुनेछ :-

(क) निजामती सेवा, नेपाल स्वास्थ्य सेवा तथा नेपाल व्यवस्थापिका संसद सेवामा कार्यरत कर्मचारीलाई दिइएको विभागीय सजायको आदेश उपर पुनरावेदन सुन्ने,

(ख) निजामती सेवा, नेपाल स्वास्थ्य सेवा तथा नेपाल व्यवस्थापिका संसद सेवामा कार्यरत राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहसम्मका कर्मचारीको बढुवा सम्बन्धी निर्णय उपर पुनरावेदन सुन्ने,

(ग) सार्वजनिक संस्थाका कर्मचारीलाई भविष्यमा सरकारी वा सार्वजनिक संस्थाको नोकरीको निमित्त अयोग्य नठहरिने गरी हटाइएको वा भविष्यमा सरकारी वा सार्वजनिक संस्थाको नोकरीका निमित्त अयोग्य ठहरिने गरी बर्खास्त गरिएको विभागीय सजायको आदेश उपर पुनरावेदन सुन्ने ।

९. **अदालतको अधिकारक्षेत्रको प्रयोगः** (१) अदालतको अधिकारक्षेत्रको प्रयोग तीनै जना सदस्यले सामूहिक रूपमा गर्नेछन् ।

तर एक सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र अध्यक्ष सहित दुई सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र किनारा गर्न सक्नेछ ।

(२) तीनजना सदस्य उपस्थित भएको इजलासमा तीनै जना सदस्यको एक मत वा दुईजना सदस्यको बहुमत कायम भए सो मत अदालतको निर्णय मानिनेछ ।

(३) दुईजना सदस्य उपस्थित भएको इजलासमा एक मत कायम नभए कारबाहीको हकमा अध्यक्ष सहितको इजलास भए अध्यक्षको राय बमोजिम र अध्यक्ष बाहेकको इजलास भए वरिष्ठ सदस्यको राय बमोजिम गर्नु पर्नेछ । मुद्दाको फैसला वा अन्तिम आदेशको हकमा पहिला अनुपस्थित रहेका सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय अदालतको निर्णय मानिनेछ ।

(४) उपदफा (३) बमोजिम पहिला अनुपस्थित रहेको सदस्य समक्ष पेश गर्दा पनि बहुमत कायम हुन नसकेमा निर्णयको लागि सर्वोच्च अदालत समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश हुन आएको मुद्दाको सुनुवाई सर्वोच्च अदालतको एक न्यायाधीशको इजलासबाट हुनेछ र सो इजलासबाट भएको निर्णय नै प्रशासकीय अदालतको निर्णय मानिनेछ ।

१०. **अदालतको अधिकारः** अदालतलाई देहाय बमोजिम अधिकार हुनेछ :-

(क) सम्बन्धित निकाय वा अधिकारीले गरेको निर्णय वा आदेशलाई सदर, बदर वा आंशिक बदर गर्ने,

(ख) सम्बन्धित निकाय वा अधिकारीले कुनै प्रमाण बुझ्न छुटाएको रहेछ भने सो प्रमाण बुझ्न वा मुद्दाको लगत कायमै राखी यस्तो प्रमाण बुझ्नको लागि मिसिल सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने,

(ग) सम्बन्धित पक्षसँग केही कुरा बुझ्नु पर्ने देखिएमा सो पक्ष झिकाई बुझ्ने र सम्बन्धित कागजपत्र दाखिल गर्न लगाउने,

(घ) कुनै निकाय वा अधिकारीले विभागीय सजायँको सिलसिलामा प्रकियागत कुनै त्रुटि गरेको देखिएमा सो प्रक्रिया पुर्‍याई पुनः निर्णय गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष मिसिल पठाउने ।

११. **मिसिल, लिखत वा जवाफ पठाउनु पर्ने** : (१) अदालतले मुद्दामा प्रमाणको निमित्त आवश्यक पर्ने कुनै मिसिल, लिखत वा अन्य कुनै कुरा पेश गर्न कुनै निकाय वा अधिकारीलाई आदेश दिएमा वा कुनै कुराको स्पष्टीकरण वा जबाफ माग गरेमा सम्बन्धित निकाय वा अधिकारीले अदालतले तोकेको समयभित्र सो आदेशको पालना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अदालतले दिएको आदेशको पालना नगरेको कारणबाट मुद्दाको कारबाही वा किनारा गर्न बाधा परेमा, कुनै पक्षलाई अनावश्यक हैरानी भएमा वा प्रतिकूल असर परेमा अदालतले सम्बन्धित निकायको प्रमुख वा अधिकारीलाई पटकै पिच्छे पाँच हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

तर त्यस्तो सजाय पाएको कुनै निकायको प्रमुख वा अधिकारीले अदालतको आदेश पालना गर्न नसकेको मनासिव कारण सहित सो जरिवाना हुन नपर्ने सम्बन्धमा अदालतलाई निवेदन दिएमा र त्यस्तो निवेदनको व्यहोरा जाँचबुझ गर्दा मनासिव देखिएमा अदालतले सो जरिवानाको रकम कम गर्न वा त्यस्तो आदेश रद्द गर्न सक्नेछ ।

१२. **सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेः** (१) अदालतले शुरू कारवाही र किनारा गरेको मुद्दामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै प्रश्नमा गम्भीर त्रुटि देखिई सर्वोच्च अदालतले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिएकोमा अदालतको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ :-

(क) अधिकारक्षेत्रको अभावको प्रश्न,

(ख) अदालतको फैसला वा अन्तिम आदेशमा कानूनको व्याख्याको प्रश्न, वा,

(ग) सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजीरको पालना नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको प्रश्न ।

१३. ***पुनरावेदन गर्ने:*** (१) पुनरावेदकले जुन निकाय वा अधिकारीको आदेश वा निर्णय उपर पुनरावेदन दिने हो सो निकाय वा अधिकारीसँग सम्बन्धित निकाय मार्फत वा सोझै अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ । (२) उपदफा (१) बमोजिम पुनरावेदकले कुनै निकाय मार्फत पुनरावेदन गरेकोमा सो निकायले त्यस्तो पुनरावेदन र सो पुनरावेदनसँग सम्बन्धित मिसिल सात दिनभित्र अदालतमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त भएको पुनरावेदन जाँचबुझ गर्दा रीत पुगेको देखिएमा अदालतको रजिष्ट्रारले त्यस्तो पुनरावेदन दर्ता गर्नुपर्नेछ र रीत नपुगेको वा म्याद नाघेको देखिएमा सोही ब्यहोरा खुलाई दरपीठ गर्नु पर्नेछ ।

(४) पुनरावेदन गर्दा रीत पुऱ्याउनु पर्ने कुरा, पुनरावेदन वापत लाग्ने दस्तुर तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. ***पुनरावेदन गर्ने म्याद:*** यस ऐन बमोजिम अदालतमा पुनरावेदन गर्दा निर्णय सुनी पाएको वा सोको सूचना पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन गर्नु पर्नेछ ।

तर सम्बन्धित पक्षले काबु बाहिरको परिस्थितिले गर्दा म्याद गुज्रिएको कारण देखाई निवेदन दिएमा र सो ब्यहोरा जाँचबुझ गर्दा मनासिव देखिएमा अदालतले तीस दिनसम्मको म्याद थामिदिन सक्नेछ ।

१५. ***पुनरावेदन खारेज नहुने:*** अदालतमा परेको पुनरावेदनको टुङ्गो नलाग्दै पुनरावेदन दिने व्यक्तिको मृत्यु भएमा अदालतले सो पुनरावेदन खारेज नगरी अन्तिम किनारा गर्नु पर्नेछ ।

१६. ***निर्णय गर्नु पर्ने अवधि:*** अदालतले शुरू कारबाही गरेको मुद्दा सामान्यतया एक वर्षभित्र र पुनरावेदन सुनेको मुद्दा छ महीनाभित्र निर्णय गरी सक्नु पर्नेछ ।

१७. ***अन्य कार्यविधि:*** मुद्दाको कारबाही र किनारा गर्दा यस ऐनमा लेखिएदेखि बाहेकका अन्य कुरामा अदालतले प्रचलित कानून बमोजिमको कार्यविधि प्रयोग गर्न सक्नेछ ।

१८. ***आदेश वा निर्णयको कार्यान्वयन:*** (१) अदालतबाट भएका आदेश वा निर्णयको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) अदालतले गरेको फैसला वा अन्तिम आदेशको कार्यान्वयन कुनै निकाय वा अधिकारीले गर्ने कुरा फैसलामा उल्लेख भएकोमा सोही निकाय वा अधिकारीले र त्यसरी उल्लेख नभएकोमा नेपाल सरकारले गर्नेछ ।

१९ ***हाजिर नभए नोकरी नथामिने:*** (१) अदालतको फैसलाबाट नोकरीमा पुनः स्थापित भएको कर्मचारी फैसला भएको मितिले तीन महीनाभित्र आफ्नो कार्यालयमा हाजिर हुनु पर्नेछ ।

(२) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै कर्मचारी कार्यालयमा हाजिर नभएमा निजको नोकरी थामिने छैन।

२०. ***अदालतको अवहेलना:*** (१)अदालतले आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ ।

(२) अदालतले आफ्नो अवहेलना गरेको ठहऱ्याएमा अभियुक्तलाई पाँच हजार रूपैयाँसम्म जरिवाना वा छ महीनासम्म कैद वा दुबै सजाय गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा अदालतले निजलाई क्षमा गर्न, सजाय तोकिसकेको भए सो सजाय माफ गर्न वा घटाउन वा अदालतले तोकेको शर्त पालना भएमा त्यस्तो सजाय कार्यान्वयन नगर्ने आदेश दिन सक्नेछ ।

२१. ***रजिष्ट्रार सम्बन्धी व्यवस्था:*** (१) अदालतको प्रशासकीय प्रमुखको रूपमा काम गर्न नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको एकजना रजिष्ट्रार रहनेछ ।

(२) रजिष्ट्रारले अध्यक्षको सामान्य निर्देशन र नियन्त्रणमा रही काम गर्नेछ ।

(३) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२२. ***कर्मचारी सम्बन्धी व्यवस्था:*** अदालतलाई आवश्यक पर्ने अन्य कर्मचारीहरू नेपाल सरकारले उपलब्ध गराउनेछ ।

२३. ***शपथ ग्रहण:*** आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले सर्वोच्च अदालतको प्रधानन्यायाधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

२४. ***मुद्दाहरू सर्ने:*** (१) यो ऐन प्रारम्भ हुँदाका बखत निजामती सेवा ऐन,२०४९ बमोजिम गठित प्रशासकीय अदालतमा दायर भई छिन्न बाँकी रहेका मुद्दाहरू यस ऐन बमोजिम गठित अदालतमा सर्नेछन् ।

(२) यो ऐन प्रारम्भ भएपछि यस अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने मुद्दाहरू यो ऐन प्रारम्भ हुँदाका बखत कुनै निकाय वा अधिकारी समक्ष दायर भई कारबाही चलिरहेको रहेछ भने रिट क्षेत्राधिकार अन्तर्गतका मुद्दा बाहेकका अन्य सबै मुद्दाहरू यस अदालतमा सर्नेछन् ।

२५. ***नेपाल सरकारसँग सम्पर्क:*** अदालतले नेपाल सरकारसँग सर्म्पक राख्दा कानून तथा न्यायमन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२६. ***नियम बनाउने अधिकार:*** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले सर्वोच्च अदालतसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

२७. ***संशोधन, खारेजी तथा बचाउः*** *(१) सार्वजनिक संस्थाका कर्मचारीको सेवा शर्त सम्बन्धी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि अदालतको क्षेत्राधिकार रहेको विषयमा अदालतको क्षेत्राधिकार रहने गरी त्यस्ता कानूनमा स्वतः संशोधन भएको मानिनेछ ।*

*(२) निजामती सेवा ऐन,२०४९ को दफा ६९ खारेज गरिएको छ ।*

*(३) यो ऐन प्रारम्भ हुँदाका बखत निजामती सेवा ऐन,२०४९ बमोजिम गठित प्रशासकीय अदालत यस ऐन अन्तर्गत कायमै रहनेछ।*

*(४) यो ऐन प्रारम्भ हुँदाका बखत निजामती सेवा ऐन,२०४९ बमोजिम गठित प्रशासकीय अदालतबाट भए गरेका काम कारबाहीहरू यसै अदालतबाट भए गरे सरह मानिनेछन् ।*

## ***अनुसूची***
### ***(दफा २२ सँग सम्बन्धित)***
### ***शपथ ग्रहण***

*म.........................................मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, प्रचलित संविधान तथा अन्य कानूनप्रति पूर्ण बफादार रही प्रशासकीय अदालतको अध्यक्ष/सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमान्दारीसाथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानून पालना गर्दा बाहेक म पदमा वहाल रहेको वा नरहेको कुनैपनि अवस्थामा प्रकट वा सङ्केत गर्ने छैन ।*

*मितिः. ... ... ...* *नामः. ... ... ... .... ... ...*

*सहीः. ... ... ... ... ... ...*